का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ वैशाख २०७९,
शुक्रबार
22 April 2022,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्नु
वर्ष २०, अंक ७६ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com




*ललितपुरको च्यासलमा आजबाट सञ्चालनमा आउन लागेको नेकपा एमालेको केन्द्रीय कार्यालय । २०७२ को भूकम्पले बल्खुस्थित कार्यालय क्षतिग्रस्त भएपछि केही वर्ष धुम्बाराही र अहिले थापाथलीबाट चल्दै आएको छ । तस्वीर: अनलाइन खबर*

# असन्तुष्टि हेर्दै एमाले

**एमालेले उम्मेदवारी दर्ताको अघिल्लो दिन मात्रै स्थानीय तहको मेयर र उपमेयरको टुंगो लगाउने नीति लिएको छ । पाँच दलीय सत्ता गठबन्धनभित्र असन्तुष्ट पक्षलाई आफ्नो पक्षमा प्रयोग गर्ने रणनीति यसभित्र लुकेको देखिन्छ ।**

> “कतिपय स्थानीय तहमा कांग्रेस र माओवादीसँग पनि तालमेल हुनसक्छ ।
>
> **पृथ्वी सुब्बा गुरुङ**
> **उपमहासचिव, नेकपा एमाले**

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ८ वैशाख ।

सत्ता गठबन्धनसँग एक्लै चुनावी प्रतिस्पर्धा गर्ने बताउदै आएको नेकपा एमालेले घोषित नीतिलाई अघोषित रुपमा परिवर्तन गर्ने भएको छ । सथानीय तहको प्रमुख र उपप्रमुखबारे पालिका स्तरबाट निर्णय मागेर चुनावी अभियानमा जुटेको एमालेको माथिल्लो कमिटी सिफारिस भएका नामलाई अन्तिम रुप दिनेतिर केन्द्रीत भएको छैन् । पालिका स्तरकाट सिफारिस भएका व्यक्तिहरु चुनावी अभियानमा लाग्दा माथिल्लो कमिटीका नेताहरु सत्ता गठबन्धनका असन्तुष्ट पक्षलाई समेट्नेतिर केन्द्रीत भएको देखिन्छ ।

एउटा उदाहरण हो- सिन्धुपाल्चोक । ०७४ सालको चुनावमा १२ मध्ये ८ वटा वटा पालिका जितेको एमाले यो पटक पाँच दलीय गठबन्धन बनेपछि फस्किएको छ । ८ वटै पालिकास्तरबाट आकांक्षीहरुको नाम लिएर बसेको एमाले जिल्ला नेतृत्व प्राप्त नामहरुबारे निर्णय गर्न भन्दा सत्तागठबन्धन भत्काउन सकिन्छ कि भनेर लागेको छ ।

एमालेका स्थानीय समिति समेत रहेका शेरबहादुर तामाङ र कांग्रेस नेता मोहन बस्नेतबीच निरन्तर संवाद चलिरहेको छ । एमालेका एक नेता भन्छन्, ‘उम्मेदवार टुंग्याउनु ठुलो कुरा होइन । जीत निश्चित हुने वातावरण बन्नुपर्‍यो ।’

सिन्धुपाल्चोकमा जस्तै धेरै जिल्लामा एमालेले सत्तागठबन्धनको असन्तुष्टि पर्खिरहेको छ । अझ एमालेले कांग्रेस र माओवादीसँग समेत तालमेल गर्न तयार रहेको संदेश दिएको छ । उम्मेदवार छिटो तय गर्दा असन्तुष्ट भएर एमाले नै छोड्न सक्ने त्रास र गठबन्धनका असन्तुष्ट पक्षलाई एमालेमै ल्याएर वा घोषित/अघोषित गठबन्धन गर्न सकिने आशमा एमाले रहेको एमाले उपमहासचिव पृथ्वी सुब्बा गुरुङले दिएको अभिव्यक्तिले पनि प्रष्ट्याउँछ । बिहीबार नेकपा एमालेको केन्द्रीय सचिवालय बैठक बसेको थियो ।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै प्रचार विभाग प्रमुख समेत रहेका एमले उपमहासचिव पृथ्वी सुब्बा गुरुङले स्थानीय तहको चुनावमा काँग्रेस र माओवादी केन्द्रसँग पनि चुनावी तालमेल गर्नसक्ने बताए । ‘कतिपय स्थानीय तहमा नेपाली कांग्रेस र माओवादी केन्द्रसँग पनि तालमेल हुनसक्छ’, गुरुङले भने । एमालेले यसअघि राप्रपा नेपाल, परिवार दल, लोकतान्त्रिक समाजवादीसँग – बाँकी पृष्ठ २ मा

# अक्सिजन प्लान्ट विष्फोटमा दुई जनाको मृत्यु

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ८ वैशाख ।

ललितपुरस्थित औद्योगिक क्षेत्रभित्र रहेको सगरमाथा अक्सिजन प्लान्टमा बिहीबार भएको विष्फोटमा परी दुई जनाको मृत्यु भएको छ । घाइते मध्ये थप एक मजदुरको मृत्यु भएसँगै मृतकको संख्या दुई पुगेको हो ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक सन्तोषसिंह राठौरका अनुसार प्लान्टमा काम गर्ने २५ वर्षमा राजकुमार महतोको बिएण्डबी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । महतो घर भारतमा रहेको प्रहरीले जनाएको छ ।

विष्फोटमा पदा् भारतकै ४५ वर्षीय वृजमोहन महत्तोको घटनास्थलमै मृत्यु भएको थियो । अन्य पाँच जना घाइते भएका छन् । घाइतेहरु पाटन अस्पतालमा उपचार पछि घर फर्किएको पनि प्रहरीले जनाएको छ । अक्सिजन भर्ने क्रममा बिहीबार बिहान सवा १० बजे विष्फोट भएको जनाइएको छ ।

गृहमन्त्री बालकृष्ण खाँणले गृहसचिव टेकनारायण पाण्डे, ललितपुरका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्याय, महानगरीय प्रहरी परिसर ललितपुरका प्रहरी वरिष्ठ उपरीक्षक यज्ञविनोद पोखरेल र सशस्त्र प्रहरीका ललितपुर प्रमुख उपरीक्षक विकास घिमिरेलाई घटनाको छानबिन गर्न निर्देशन दिएका छन् ।

## छानबिन समिति गठन

अक्सिजन प्लान्टमा भएको विस्फोटको छानबिन गर्न ६ सदस्यीय छानबिन समिति गठन गरिएको छ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूको निर्देशनमा उद्योग मन्त्रालयले छानबिन समिति गठन गरेको हो ।

मन्त्रालयका सहसचिव चन्द्रकला पौडेलको संयोजकत्वमा ६ सदस्यीय छानबिन समिति गठन गर्दै सात दिनको समय दिइएको मन्त्रालयले जनाएको छ । विस्फोट लगतै मन्त्री बडू, सचिव अर्जुनप्रसाद पोखरेल र मन्त्रालयका उच्च पदाधिकारीले तत्काल घटनास्थलमा पुगी घाइतेसँग भेटघाट गरी स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिनुका साथै मृतकका परिवारका सदस्यसँग भेटघाट गरी समवेदना व्यक्त गरेका थिए । – बाँकी पृष्ठ २ मा

# खनाल नेतृत्वमा एशोसिएशनको नयाँ कार्यसमिति निर्वाचित

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ वैशाख

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको अध्यक्षमा कुमुद खनाल निर्वाचित भएका छन् । बिहीबार बिहान सम्पन्न मतगणनामा खनाल अध्यक्षमा निर्वाचित भएका हुन् । साधारणसभामा सदस्यता नवीकरण गराएका ३ सय २६ मध्ये २ सय ६७ जनाले मतदानमा भाग लिएका थिए ।

खसेको २ सय ६७ मतमा विजयी खनालले १ सय ४९ मत पाए भने उनका निकटतम प्रतिस्पर्धी तारानाथ अर्यालले १ सय ६ मत पाए । खनाल नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व प्रथम उपाध्यक्ष समेत हुन् ।

नवनिर्वाचित अध्यक्ष खनालले आफ्नो उम्मेदवारी परिवर्तनको लागि रहेको भन्दै नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनलाई पूर्ण प्रजातान्त्रिक मान्यतामा सञ्चालन गरी नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई व्यवसायीको हितमा काम गर्न दबाब दिने बताए । उचित नेतृत्व नहुँदा निसास्सिएको, कुनै निकास नभएको जस्तो व्यवसायीलाई लागेको भन्दै उनले आफ्नो नेतृत्वमा स्वतस्फूर्त रूपमा प्यानल बनेको बताएका थिए । एसोसिएसन नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको छ । नयाँ कार्यसमितिको कार्यकाल दुई वर्षको लागि हुने व्यवस्था छ ।

त्यस्तै वरिष्ठ उपाध्यक्षमा भगिरथ राई (रमेश), द्वितीय उपाध्यक्षमा विनोद केसी, तृतीय उपाध्यक्षमा दीपक थापा, महासचिवमा कमल काफ्ले, सचिवमा लक्ष्मण पौडेल, सह-सचिवमा हर्क लिम्बू, कोषाध्यक्षमा कैलाश कार्की, सह-कोषाध्यक्षमा जफरूद्दिन मियाँ विजयी भएका छन् ।

कार्यसमितिका सदस्यहरूमा कैलाश पाठक, पंकज कुमार मिश्रा, प्रदीप थापा, मदन पुरी, यम कुमार क्षेत्री केसी, रविन मेगाले मगर, राम बहादुर लामा तामाङ, सुनिता कर्माचार्य, सुनिता श्रेष्ठ र हिरा बुढाथोकी निर्वाचित भएका छन् ।

राजधानीको बसुन्धरामा भएको साधारणसभाको उद्घाटन नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले गरेका थिए । २०६३ सालमा स्थापना भएको एसोसिएसनका संस्थापक अध्यक्ष तिलकबहादुर रानाभाट पछि क्रमशः यम बहादुर केसी, – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कसको मत कति ?

**अध्यक्ष**
कुमुद खनाल १४९
तारानाथ अर्याल १०६

**प्रथम उपाध्यक्ष**
भगिरथ राई (रमेश) १४५
जनक खड्का १०२

**द्वितीय उपाध्यक्ष**
विनोद केसी १२७
नारायण पराजुली ३०
मित्रदेव घिमिरे (गोपाल) ८४

**तृतीय उपाध्यक्ष**
अमिर बास्तोला ६३
कृष्ण कुमार जैशी ५४
दीपक थापा १२७

**महासचिव**
अमर प्रकाश तिवारी ८०
कमल काफ्ले १०२
मेघनाथ भुर्तेल ६६

**सचिव**
बिक्रम श्रेष्ठ ६०
लक्ष्मण पौडेल १०४
सन्तोष श्रेष्ठ ७९

**सहसचिव**
नारायण भुसाल ५७
सुरेश शर्मा ढकाल ५७
हर्क लिम्बू १३८

**कोषाध्यक्ष**
गोमा गिरी ८६
राजेश गौतम ३२
कैलाश कार्की ९७
सेतेलाल पौडेल (बालकृष्ण) २७

**सहकोषाध्यक्ष**
जफरूद्दिन मियाँ १४६
चन्द्र बहादुर लिम्बू ९३

**सदस्य**
उमेश कुमार तामाङ १०९
केदार प्रसाद बजगाई ८४
कैलाश पाठक ११०
तोरण कुमार कार्की ८१
– बाँकी पृष्ठ २ मा

ट्राफिक नियमको पालना गरौं ।
■ बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं,
■ सडक बत्ति हेरेर मात्र बाटो काटौं,
■ सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ्ग नगरौं,
■ तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं,
■ पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं,
सडक दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं
नेपाल सरकार
विज्ञापन बोर्ड

# कार्यकर्ता फकाउँदै गठबन्धन



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ वैशाख ।

पाँच दलीय सत्तागठबन्धन महानगर र उपमहानगरको भागवण्डा टुंग्याएर परेको भाग अनुसार उम्मेदवार चयनमा जुटेको छ । तर, गठबन्धनका दलभित्रका कतिपय ठाउँमा कार्यकर्ताले केन्द्रीय निर्णयमा असन्तुष्टि जनाइरहेका छन् ।

हेटौंडा उपमहानगरपालिकाको मेयर नेकपा एकीकृत समाजवादीले लिने र उपमेयर कांग्रेसले लिने केन्द्रीय निर्णय छ । तर, बिहीबार कांग्रेसको हेटौंडा उपमहानगरको मेयर र उपमेयरका लागि पालिकाबाट आएको नाम अनुसार, सिफारिस मकवानपुर जिल्ला समितिले केन्द्रमा सिफारिस गरेको छ । कांग्रेसका जिल्लास्तरीय नेता भन्छन्, ‘कार्यकर्तालाई सम्झाउन नसकेपछि मेयर र उपमेयर दुबैको नाम जिल्लाबाट सिफारिस गरेका छौं । बाँकी निर्णय केन्द्रले गरोस्, कार्यकर्तालाई पनि केन्द्रले नै सम्झाओस् ।’

कार्यकर्ताको असन्तुष्टिलाई सम्बोधन गर्दै भागमा परेका पालिकाको उम्मेदवार टुंगो लगाउन कांग्रेसले कार्यसम्पादन समितिको बैठक पनि बोलाएको छ । पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार, बैठक शुक्रबार दिउँसो २ बजे पार्टी केन्द्रीय कार्यालय सानेपामा बस्नेछ । बैठकमा केन्द्रीय कार्यसम्पादन समितिका पदाधिकारी एवं सदस्यलाई अनिवार्य उपस्थित हुन भनिएको छ ।

पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले हेटौंडामा मेयर नपाउँदा स्थानीय कार्यकर्ता असन्तुष्ट रहेको स्वीकार गरे । तर, गठबन्धनको मर्म अनुसार निर्णय भएकाले स्वीकारेर जानुको विकल्प नरहेको बताए । हेटौंडामा जस्तै असन्तुष्टि अन्य ठाउँमा पनि कांग्रेस कार्यकर्ताले प्रकट गरेका छन् । ती असन्तुष्टि सम्बोधन गर्न केन्द्रीय नेतृत्व नै अग्रसर भएको छ । प्रधानमन्त्री समेत रहेका कांग्रेस सभापति शेरबहादुर देउवाले गठबन्धन सबै कांग्रेसलाई दिन नबनेको भनेर कार्यकर्ता फकाउँदै छन् ।

उनको यस्तै, अभिव्यक्तिले सकारात्मक परिणाम दिएका उदाहरण पनि छन् । सुरुमा चितवनको भरतपुरको प्रमुखलाई कांग्रेस कार्यकर्ताले प्रतिष्ठाकै रुपमा लिएका थिए । तर, भरतपुरको नेतृत्व माओवादी केन्द्रले लिने सहमति हुँदा समेत अन्यत्र जस्तो असन्तुष्ट बाहिर आएको छैन् । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल पनि कार्यकर्ता फकाउँदै हिडेका छन् ।

बिहीबार कैलाली पुगेर प्रचण्डले आफ्नो भाग त्याग गरेर भए पनि गठबन्धन बचाउनुपर्ने बताए । उनले आवश्यक परेको ठाउँमा तालमेलका लागि लचक हुन कार्यकर्तालाई निर्देश पनि गरे । ‘जरुरी पर्छ भने अलिकति लचक भएर पनि, आफ्नो भाग त्याग गरेर भए पनि गठबन्धन बचाउनुपर्छ’ प्रचण्डले भने ।

गृहमन्त्री समेत रहेका कांग्रेस नेता बालकृष्ण खाँड सत्तारुढ गठबन्धनबीच चुनावी तालमेल हुन नदिन अनेक षड्यन्त्र भइरहेको बताउँछन । त्यस्तो षडयन्त्रको पछि लाग्नेहरुलाई पार्टीले कारबाही गर्ने र प्रदेश र संघको चुनावमा केन्द्रीय नीतिको लविरोध गर्नेले टिकट नपाउने भनी कार्यकर्तालाई चेतावनीको भाषामा भए पनि सम्झाउँदै हिडेका छन् । ‘गठबन्धन नेपालको संविधान, लोकतन्त्र बचाउने अभियान हो । यसलाई यही रुपमा लिनुपर्छ । प्रतिगमनको पक्षमा जानेहरु र उनीहरुलाई सहयोग गनृलाई नोटिसमा राखिन्छ’ खाँडले भनेका छन् ।

भाँडिएको कार्यकर्ताको मन जोड्ने गठबन्धनका शीर्ष नेताहरुले संयुक्त सभा नै गर्ने भएको छ । १७ वैशाखबाट प्रचार कार्यक्रम – बाँकी पृष्ठ २ मा

# क्यान इन्फोटेकमा दृष्टिविहिन नागरिकको प्रविधिमा पहुँच प्रदर्शनी

**काठमाडौं/मस-** के तपाई काठमाडौं भृकुटीमण्डमा चलिरहेको क्यान इन्फोटेकमा सहभागी हुँदै हुनुहुन्छ ? यदि हुनुहुन्छ भने स्टल न ८० मा पस्न नभुल्नुहोला । किनकी सो स्टलमा अलिक पृथक प्रदर्शनी भइरहेको छ ।

त्यहाँ पुगेर फर्कनेहरु एउटा छुट्टै भावुकता, आत्मविश्वास र दृष्टिविहिन नागरिकप्रतिको दृष्टिकोण बदलेर फर्कने गरेका छन् ।

त्यहाँ पुगेर फर्कदै गर्दा दृष्टिबिहिन अपाङगता भएका नागरिक खासै केहि गर्न सक्दैनन् भन्ने तपाई हाम्रो धारणा खण्डित हुन्छ र संकल्पशक्ति भयो भने जसले जे पनि गर्न सकिन्छ भन्ने मान्यता बोकेर फर्कनुहुनेछ । भइरहेको वृहद प्रदर्शनी अन्तर्गत स्टल न ८० मा दृष्टिविहिन नागरिकको प्रविधिमा पहुँच सम्बन्धी प्रदर्शनी प्रदान गरिदै आएको आयोजक संस्था एड्राड नेपालले जनाएको छ ।

प्रत्येक वर्ष मेलामा सहभागिता जनाउँदै संस्थाले प्रदर्शनी गर्दै आएको छ । त्यहाँ दृष्टिविहिन युवायुवतीले प्रविधिको प्रयोग गरि अरुलाई संसार चिनाइरहेका छन् । आवाजको माध्यमबाट किबोर्डमा टाईप गरिएका सन्देशहरु पर्दामा र इन्टरेनटको माध्यबाट युट्युव, फेसबुक, भाइबर र हवाट्सएप जस्ता सामाजिक सञ्जालहरुमा दृष्टिविहिन व्यक्तिहरुले तत्काल पोस्ट गरेर संसारका सबै व्यक्तिसँग संचार गरेको देख्दा दृष्टि नहुनु आफैमा विकासको अवरोध होइन बरु यस्ता सूचना प्रविधिहरुको पहुँचयुक्त रुपमा प्रयोग गर्न नपाउनु चाहि विकासको बाधक मान्न सकिन्छ ।

नेपालमा करिब चार लाख व्यक्तिहरु दृष्टिविहिन अथवा न्यून दृष्टियुक्ति रुपमा रहेका छन् । शिक्षाको पहँचमा ज्यादै कम करिवव ४२ प्रतिशत मात्र दृष्टिविहिन बालबालिकाहरुको विद्यालयमा पहँच रहेको छ । करिव ४५ प्रतिशत दृष्टिविहिन व्यक्तिहरुले मात्र सार्वजनिक सेवामा प्रवेश पाएका छन् । जुन औषत रोजगारी भन्दा ज्यादै न्यून रहेको छ । शिक्षा, रोजगारी र स्वास्थ्य क्षेत्रमा दृष्टिविहिन व्यक्तिहरुको पहँच अभिवृद्धि गर्न प्रविधिको प्रयोगलाई यस्ता व्यक्तिको पहँचमा ल्याउन अत्यन्त जरुरी मानिन्छ ।



अपाङ्गता अधिकार र विकासका लागि क्रियाशिल नेपाल एड्राड नेपाल नामक संस्था स्थापना गरेर नेपाली अपाङ्गता आन्दोलनका एकजान अगुवा व्यक्तित्व डा. बीरेन्द्र राज पोखरेलले आफु दृष्टिविहिन भएतापनि सम्पूर्ण नेपाली दृष्टिबिहिन नागरिकको सूचना प्रविधिमा पहुँच दिलाउन निरन्तर प्रयास गरिरहेका छन् । विगतमा झैं यसवर्ष समेत क्यान इन्फोटेकमा २०२२ मा दृष्टिबिहिन व्यक्तिहरुको सूचना प्रविधको प्रयोग र यसको आवश्यक्तताबारे प्रचार प्रसार भइरहेको छ । यसबाट पहुँचयुक्त सूचना प्रविधिको प्रयोगको प्रचार प्रसार मात्र होइन दृष्टिविहिन नागरिकलाई नबिनतम सूचना प्रविधिको बारेमा जानकारी दिने र अनलाईन पुस्ताकालयहरुमा निःशुल्क पहुँच दिलाई शिक्षा प्रवर्द्धनमा योगदान पुग्ने गरेको छ । एच ८० नं. को स्टलको प्रदर्शनीको मर्म सो कारण पनि पृथक छ कि दृष्टिविहिन भाइ बहिनीहरु हार्दिकतापूर्बक स्वागत गर्छन, प्रविधिबारे अन्य दृष्टिविहिन तथा दृष्टियुक्त नागरिकलाई सरलताका साथ बुझाउन उत्साहित देखिन्छन् । उनीहरुको उत्साह, शालिनता, नम्रता र जीवनप्रतिको सकारात्मक दृष्टिकोण देख्दा बाह्य दृष्टि भन्दा भित्री दृष्टिको प्रकाश कति हो कति उज्यालो महसुस हुन्छ । उनीहरुले तपाईलाई एप्लीकेशनमार्फत पुस्तक पढ्ने, इव्याकिंङमार्फत बैंकको खाता सञ्चालन गर्ने, ई सेवा र वालेटको प्रयोग गरेर अनलाइएन सामान खरिद गर्ने, एप्सको प्रयोग गरी मुद्रा पहिचान गर्ने, टुटल र पठाओ जस्ता सवारी सेवाहरु प्रयोग गर्ने कार्य गर्न सक्छन् ।

यतिमात्र होइन दृष्टिविहिन व्यक्तिहरु आफ्नो सुरक्षाका लागि यस्ता एप्सहरु पनि प्रयोग गर्न सक्छन् । जसबाट तत्काल सहयोग प्राप्त गर्न, प्रकोपको जोखिम पहिचान गर्न र गुगल म्यापको प्रयोगबाट आफु रहेको स्थान र जानुपर्ने स्थानको बाटो पहिल्याउन समेत सक्दछन् । यो स्टलमा आइसीभीआई र वर्ल्ड एजुकेशन नामक संस्थाको सहकार्यमा सूचना सम्प्रेषणका लागि आयोजक संस्था एड्राड नेपालको सहकार्य रहेको छ । दृष्टिविहिन भाइबहिनीहरु कुशल न्यौपाने, मधुसुदन घिमिरे, आदित्य शेपा, प्रतिक्षा चापागाई, जलदिप सापकोटा, जलशा सापकोटाको सूचना र प्रविधिमा दृष्टिविहिन नागरिकको पहुँचबारे बुझाउन उत्साहित देखिन्छन् ।

# तत्कालिन प्रशासकीय अधिकृतसहित ७ जनाविरुद्ध मुद्दा

**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कैलालीको गोदावरी नगरपालिकाका दुईजना तत्कालिन प्रमुख प्रशासकीय अधिकृतसहित ७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।




१३ वटा सडक आयोजनाको ठेक्कामा गुणस्तरहीन काम गर्दा पनि भुक्तानी दिएको भन्दै अख्तियारले बिहीबार विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार तत्कालिन प्रमुख प्रशासकीय अधिकृत खेमराज विष्ट र देवराज जोशीले प्राविधिकको कार्यक्षेत्रमा प्रवेश गरी गलत तथा गुणस्तरहीन कार्यको नापी किताबमा समेत सहमति जनाइ ठेकेदारलाई भुक्तानी दिएका थिए ।

यस्तै, अखितयारले नगरपालिकाका तत्कालिन प्रमुख इन्जिनियर पूर्ण कुँवर, सब इन्जिनियर ज्ञानेन्द्र बुढा, सब इन्जिनियर नरेन्द्र शाही, प्राबिधिक पूर्वाधार कार्यालयमा कार्यरत ल्याब टेक्निसियन धनबहादुर विष्ट र निर्माण व्यवसायी गणेश विष्टविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

तत्कालिन प्रमुख प्रशासकीय अधिकृतले विष्टले स्पेसिफिकेसन तथा सम्झौतामा उल्लेख भएबमोजिम सुपरीवेक्षण गर्न, गुणस्तर कायम गर्न र यथार्थ कार्यको नापजाँच गर्नका लागि सम्बन्धित साइट इन्जिनियर/प्राविधिकलाई जिम्मेवारी नतोकी नापी किताबमा सहमति जनाई गुणस्तरहीन बेस कोर्स र सब-बेसकोर्सको कार्यलाई स्तरयुक्त नाप देखाएको अख्तियारले जनाएको छ । उनको यो कामले सरकारलाई ३१ लाख ३७ हजार ८५३ रुपैयाँ ७५ पैसा हानि नोक्सानी भएको अख्तियारको दावी छ । अर्का तत्कालिन प्रमुख प्रशासकीय अधिकृत देवराज जोशीले पनि यही कसूरबाट सरकारलाई २५ लाख ५२ हजार ८८६ रुपैयाँ ६८ पैसा नोक्सान पुऱ्याएको अख्तियारले जनाएको छ ।

# गुल्मीबाट एसईईमा ४ हजार बढी विद्यार्थी सहभागी

**अनिष पन्थी/मध्यान्ह**
गुल्मी, ७ वैशाख

गुल्मी जिल्लाबाट यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई)मा ४ हजार ८ सय २३ विद्यार्थी सहभागी हुने भएका छन् ।

वैशाख ९ देखि १७ गतेसम्म चल्ने एसईईमा १ सय ४० वटा विद्यालका विद्यार्थीहरु सहभागी हुने शिक्षा विकास तथा समन्वय इकाइ गुल्मीका प्रमुख लोकनाथ मरासिनीले जानकारी दिए । उनका अनुसार कुल विद्यार्थी संख्यामध्ये छात्रा २ हजार ८ सय ५ जना र छात्र २ हजार ३ सय १५ जना रहेका छन् ।

प्राविधिक तर्फ १६ वटा विद्यालयका २८७ जना विद्यार्थी परीक्षामा सहभागी हुने र प्राविधिक धारको परीक्षा गुल्मीको सिद्धबाबा माविमा हुने मरासिनीले बताए । प्राविधिक तर्फको परीक्षा भने वैशाख २० गते सकिने छ ।




परीक्षालाई व्यवस्थित र मर्यादित बनाउनका लागि जिल्लाका विभिन्न स्थानमा २७ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ । अहिले परीक्षा केन्द्रहरुमा उत्तरपुस्तिका पुगिसकेको र प्रश्नपत्र सम्बन्धित परीक्षा केन्द्रको नजिकको प्रहरी चौकीमा रहेको उनको भनाइ छ । परीक्षालाई शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न आवश्यक सुरक्षाको प्रबन्ध मिलाइएको प्रमुख जिल्ला अधिकारी पुण्य बिक्रम पौडेलले जानकारी दिए । परीक्षालाई स्थानीय तहका प्रमुख, उपप्रमुख र शिक्षा शाखाको प्रमुखले पनि अनुगमन गर्ने व्यवस्था मिलाइएको छ ।

# दार्चुलामा कांग्रेस र एमाले कार्यकर्ताबीच झडप

**दिपक बाबु साउँद/मध्यान्ह**
दार्चुला, ८ बैशाख ।

जिल्लाको शैल्यशिखर नगरपालिका वडा नम्बर ६ ग्वानिमा नेपाली कांग्रेस र नेकपा एमालेका कार्यकर्ताबीच झडप भएको छ । नेपाली कांग्रेसका कार्यकर्ताहरुले शान्तिपूर्ण ऱ्याली गरिरहेका बेला नेकपा एमालेका कार्यकर्ताहरुले कांग्रेसका कार्यकर्ताहरुमाथि ढुङ्गा-मुडा र सिसाका बोतलहरु प्रहार गरेको स्थानीय वीर सिंह धामीले मध्यान्हलाई बताए । उनका अनुसार नेकपा एमाले शैल्यशिखरको छिमेकी जिल्ला बैतडीबाट ११ वटा गाडीमा आएका कार्यकर्ताहरुलाई मदिरा खुवाएर झडप गराएको आरोप छ ।

दोहोरो झडप हुँदा दुवै पक्षका एक दर्जनभन्दा बढी कार्यकर्ताहरुलाई सामान्य चोट पटक लागेको र गाडीका सिसासमेत फुटेको मालिकार्जुन प्रहरीले जनाएको छ ।

उता नेकपा एमालेका कार्यकर्ताले आफुहरुमाथि कांग्रेस कार्यकर्ताहरुले पनेबाजबाट फर्किंने क्रममा ढुङ्गामुडा प्रहार गरेको आरोप लगाएका छन् । उक्त घटनाबारे ईलाका प्रहरी कार्यालय गोकुलेश्वरका प्रहरी निरीक्षक सुरज सिंहसँग बुझ्दा नेपाली कांग्रेसका कार्यकर्ता र नेकपा एमालेका कार्यकर्ताहरुबीच सामान्य झडप भएको बताए । उनका अनुसार दुवै पक्षका कार्यकर्ताहरु जम्का भेट भएपछि विवाद सिर्जना भएको हो ।

# जनस्वास्थ्यका मापदण्ड पालना गर्न आग्रह

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनस्वास्थ्यका मापदण्ड पालना गर्न अनुरोध गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा. सङ्गीताकौशल मिश्राले एक विज्ञप्ति जारी गर्दै कोरोना भाइरसको संक्रमण छिमेकी मुलुक भारतमा बढ्दै गएपछि नेपालमा पनि संक्रमणको जोखिम रहेकाले जनस्वास्थ्यका मापदण्ड पालना गर्न अनुरोध गर्नुभएको छ ।

उनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'कोभिड-१९ को संक्रमण भारतलगायत छिमेकी राष्ट्रमा पछिल्लो केही दिनमा बढ्दो क्रममा रहेको वर्तमान अवस्थामा संक्रमणको जोखिम कायम नै रहेकाले संक्रमण रोकथाम तथा नियन्त्रणका लागि प्रभावकारी भूमिका बढाउन संवेदनशील भई जिम्मेवार बनी जनस्वास्थ्यको मापदण्ड पालना गर्न/गराउन मन्त्रालयले सबैलाई अनुरोध गरेको छ ।'

उनले संख्यात्मकरूपमा संक्रमण केही कम भएजस्तो देखिए पनि महामारीको जोखिम कायमै रहेको उल्लेख गरेका छन् ।

मन्त्रालयले खोप लगाएको तीन महिना पूरा भएकालाई बुष्टर मात्रा खोप लगाउनसमेत आग्रह गरेको छ । मन्त्रालयले कोभिड-१९ विरुद्धको पूर्ण मात्रा खोप लगाउन, खोप लगाउन प्रेरित गर्न र जारी खोप अभियानमा साथ दिनका लागिसमेत सबैलाई आग्रह गरेको छ ।

वैशाख महिनाको पहिलो हप्तामा संक्रमण १५ जनाभन्दा नै कममा देखिएको छ । मन्त्रालयको तथ्यांकअनुसार वैशाख १ गते चार जनामा संक्रमण देखिएको छ । यस्तै वैशाख ७ गते १३ जनामा संक्रमण देखिएको थियो । वैशाख २ मा १४, वैशाख ३ मा नौ, वैशाख ४ गते १२, वैशाख ५ गते १० र वैशाख ६ गते १० जनामा संक्रमण देखिएको छ ।

१५ जनामा कोरोना भाइरस संक्रमण पुष्टि

देशभर बिहीबार १५ जनामा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो समय तीन हजार ५४७ को परीक्षण गर्दा उक्त संख्यामा संक्रमण पुष्टि भएको हो ।

योसँगै नेपालमा पिसिआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस संक्रमितको संख्या नौ लाख ७८ हजार ७०५ पुगेको छ । एन्टिजेन परीक्षण विधिबाट संक्रमितको संख्या एक लाख ४० हजार १७० रहेको छ । पछिल्लो समय थप ३२ जना निको भएका छन् । योसँगै निको हुनेको संख्या नौ लाख ६६ हजार ४५६ पुगेको छ । निको हुने दर ९८ दशमलव ७ प्रतिशत रहेको पनि मन्त्रालयले जनाएको छ ।

पछिल्लो समय कोरोनाका कारण कसैको पनि मृत्यु भएको छैन । नेपालमा यस रोगबाट हालसम्म मृत्यु हुनेको संख्या ११ हजार ९५१ पुगेको छ । त्यसैगरी पछिल्लो समय ३५ हजार ७२८ ले खोप लगाएको पनि मन्त्रालयले जानकारी दिएको छ । हाल सक्रिय संक्रमितको संख्या २९८ रहेको छ । अहिले होम आइसोलेसनमा २९५ र संस्थागत आइसोलेसनमा तीन जना रहेका छन् ।

# एनआरएनए कतारको आयोजनामा वृहत इफ्तार कार्यक्रम सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ८ वैशाख

गैर आवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् कतारको आयोजनामा वृहत इफ्तार कार्यक्रम सम्पन्न भएको छ ।



बुधबार मुस्लिम धर्मावलम्बीको पवित्र महिना रमादानको अवसरमा शुभकामना आदानप्रदानसहित इफ्तार कार्यक्रम सम्पन्न भएको हो ।

एनआरएनए कतारले विभिन्न संघ-संस्थाहरुको नेतृत्व गर्दै मानवीय सेवाका साथमा विभिन्न जात, धर्म, समुदाय, भूगोलकाबीचमा भाइचाराको सम्बन्ध स्थापित गरेकोमा नेपाली राजदूतावास कतारका कार्यवाहक राजदूत लक्ष्मण खनालले खुसी व्यक्त गरे । साथै उनले यसलाई आगामी दिनमा पनि निरन्तरता दिनु आग्रह गरेका थिए ।

कतारको सामुदायिक प्रहरीका प्रतिनिधि लेफ्टिनेन्ट अब्दुल अजिज अल मोहन्दीले नेपाली समुदायले कतारको विकासमा ठूलो भूमिका खेलेको बताए ।

कार्यक्रममा नेपाली राजदूतावासका लेबर कन्सुलर कृष्ण खनाल, द्वितीय सचिव प्रवीण भट्टराई, एनआरएनए आइसिसी उपाध्यक्ष आरके शर्मा, नरेन्द्र भाट, युवा उपाध्यक्ष राज रेग्मी, सचिव प्रवीण गुरुङलगायत विभिन्न जिल्ला प्रदेश तथा सामुदायिक संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुले शुभकामना मन्तव्य राखेका थिए ।

गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानको अध्यक्षतामा भएको कार्यक्रममा मौलाना अब्दुल मोबिन र मौलना सरिफ तामयीले कुरानको बारेमा जानकारी गराएका थिए । सघका महासचिव पदम गिरिले सहजीकरण गरेको कार्यक्रमको समापान गर्दै अध्यक्ष मुक्तदाले कतारले नेपाली समुदायलाई दिएको मायाको अपमान नगर्न आग्रह गरे । उनले सामाजिक सञ्जालमा राजनीतिक कित्ताकाट गरेर आपसी भाइचारामा खलल नपुऱ्याउनसमेत आग्रह गरेका थिए ।

## असन्तुष्टि...

तालमेल गर्ने निर्णय गरिसकेको छ । पाँच दलीय गठबन्धनले महानगर र उपमहानगरको भागवण्डा टुंग्याएको भोलिपल्ट एमालेले गठबन्धनका प्रमुख घटक कांग्रेस र माओवादी केन्द्रसँगै तालमेल हुन सक्ने अभिव्यक्ति दिनु निकै अर्थपूर्ण रहेको राजनीतिक विश्लेषकहरु बताउँछन ।

'राजनीतिक विश्लेषक विष्णु दाहाल भन्छन्, 'अझै एमालेले वैशाख १० गतेमात्रै महानगर र उपमहानगरबाट लड्ने उम्मेदवार छान्ने भनेको छ । यसको अर्थ गठबन्धनको असन्तुष्ट पक्षलाई साथमा लिन सकिन्छ कि भन्ने प्रयास रहेको सहजै बुझिन्छ ।'

एमाले उपमहासचिव गुरुङका अनुसार १० गते मात्रै महानगर र उपमहानगरबाट लड्ने उम्मेदवार छान्ने नीति केन्द्रीय सचिवालय बैठकले नै तय गरेको हो ।

सातै प्रदेशबाट महानगर र उपमहानगरका लागि उम्मेदवार सिफारिस गरेका नामहरुबारे सामान्य छलफल गर्दै अर्को बैठकले उम्मेदवार तय गर्ने निर्णय गरेको गुरुङले जानकारी दिए । अर्को बैठक बैशाख १० गतेलाई राखिएको छ । त्यो पनि दिउँसो ३ बजेलाई बैठक तय गरिएको छ । जबकी बैशाख ११ र १२ गते उम्मेदवारी दर्ताको समय तय भइसकेको छ । 'आजको बैठकमा सातै प्रदेशबाट सिफारिस भएर आएका नाममा छलफल गऱ्यौं । अब बैशाख १० गते दिउँसो ३ बजे बस्ने बैठकले निर्णय गर्छ ।' गुरुङले भने ।

६ महानगर र ११ उपमहानगरपालिकाका उम्मेदवारका लागि चितवन, विरगञ्ज र ललितपुरमा एक/एक जना सिफारिस भएका छन् । चितवनको भरतपुरमा विजय, सुवेदी, वीरगञ्जमा विजय सरावगी र ललितपुरमा हरिकृष्ण व्याञ्जनकार सिफारिस भएका छन् । अन्य तीन महानगरमा मेयरका आकांक्षी एमालेमा एक भन्दा बढी छन् ।

## कार्यकर्ता ...

शुरु हुने भएकाले भोलिपल्टै, १८ वैशाखबाटै संयुक्त सभा गर्ने कार्यतालिका सार्वजनिक गरिएको छ । सार्वजनिक तालिका अनुसार, १८ वैशाखमा सूदुरपश्चिम प्रदेशको राजधानी धनगढी र कर्णाली प्रदेशको राजधानी सुर्खेतमा सभा हुने भएको छ । १९ वैशाखमा लुम्बिनी प्रदेशको बुटवल र गण्डकीको पोखरामा सभा हुनेछ । २० वैशाखमा मधेश प्रदेशेको जनकपुर र प्रदेश-१ को राजधानी विराटनगरमा हुनेछ । संयुक्त सभाको अन्त्य भने राजधानी काठमाडौंमा तोकिएको छ । २२ वैशाखमा काठमाडौंमा संयुक्त सभा हुनेछ ।

## छानबिन...

उद्योगमा भएको विस्फोटको कारण हुन गएको क्षतीका बारेमा जानकारी लिदै मन्त्री वडूले मृतकका परिवारलाई तत्काल राहत र घाइतेहरुको उपचार खर्च नेपाल सरकारबाट उपलब्ध गराउने बताएका थिए ।

उद्योगले अक्सिजन आपूर्ति गरिरहेका निकायलाई अक्सिजन ग्यासको सहज आपूर्तिको निरन्तरताका लागि ग्यास उत्पादन संघलाई आवश्यक व्यवस्था मिलाउन उनले निर्देशन दिएका थिए ।

## खनाल....

किरणकिशोर घिमिरे, बिमल ढकाल, प्रज्ञान न्यौपाने र विष्णुप्रसाद गैरे सबै कार्यसमिति निर्विरोध रुपमा निवाचित भएका थिए । सहमति हुन नसकेपछि हंशराज वाग्ले, नरेन्द्र प्रसाद ढकाल र खनाल निर्वाचनको माध्यमबाट अध्यक्ष चयन भएका हुन् ।

एसोसिएसनको विधान अनुसार अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, दुई उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र सदस्यहरुसहित २३ सदस्यीय रहने कार्यसमितिमा १९ जनाको निर्वाचन भएको हो भने ४ जना कार्यसमिति सदस्य अध्यक्षले मनोनयन गर्ने व्यवस्था रहेको छ ।

## कसको....

पंकज कुमार मिश्रा१३६
पुण्यप्रसाद अधिकारी ७९
प्रदीप थापा १२३
मदन पुरी १३८
यम कुमार क्षेत्री केसी १४९
रविन मेगाले मगर १०९ (गोलाप्रथाबाट निर्वाचित)
राम बहादुर लामा तामाङ १३७
लेखनाथ भण्डारी ९३
बिष्णु प्रसाद सापकोटा ९६
शिव कुमार कार्की ९९
सन्तोष त्रिपाठी ९९
सुनिता कर्माचार्य १६४
सुनिता श्रेष्ठ १४२
हिरा बुढाथोकी १४५


कुवेतमा रोजगार | १. कम्पनी: AFRAH AL KHALEEJ ORIGINAL RESTAURANT COMPANY W.L.L.
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०१/०८ चलानी नं.: ६०१७८२२३ LT. No.: 261973

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 20 | 20 | स. काममा दक्ष | 100 | ३९,८३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख १६ गते (29 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

निलकमल ह्युमन रिसोर्स प्रा. लि.
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ४११२७१३, ४११२७१४, मो.: 9818394474, 9802099411
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Gov. lic. No. 793/065/66

### आजबाट एसईई शुरू

# ५ लाख १४ हजार ७६० परीक्षार्थी सहभागी हुँदै

**काठमाडौं/मस–** माध्यामिक शिक्षा परीक्षा (एसईई) आजबाट शुरु हुँदैछ । एसईईमा सबैभन्दा बढी काठमाडौंबाट ३६ हजार र सबैभन्दा कम मनाङबाट २९ जना विद्यार्थी सहभागी हुने एसईई परीक्षा नियन्त्रक अर्जुन रायमाझीले जानकारी दिए ।




परीक्षा नियन्त्रण कार्यालयका अनुसार परीक्षामा कुल ५ लाख १४ हजार ७ सय ६० परीक्षार्थी सहभागी हुनेछन् । नियमिततर्फ ४ लाख ८८ हजार ७ सय ४२, प्राविधिकतर्फ १४ हजार ५ सय ६४ र ग्रेड वृद्धितर्फ ११ हजार ४ सय ५४ परीक्षार्थी एसईईमा सहभागी हुने बोर्डले जनाएको छ ।

सामान्यतर्फ ११ हजार ६ सय १५ विद्यालय र प्राविधिकतर्फ २ सय ९९ विद्यालयका विद्यार्थीहरु एसईईमा सहभागी हुनेछन् । बोर्डले दुई हजार सात परीक्षा केन्द्र र एक उपकेन्द्रबाट परीक्षा सञ्चालन गर्ने तयारी गरेको छ । बोर्डले यो वर्ष नवलपुर जिल्लामा एक उपकेन्द्र तोकेको छ ।

**दुई वर्षपछि ग्रेड वृद्धिका लागि परीक्षा**

कोरोना महामारीका कारण शैक्षिक वर्ष २०७६ र २०७७ मा आन्तरिक मूल्याङ्कनलाई नै प्रमाणीकरण गरेको राष्ट्रिय परीक्षा बोर्डले यो वर्ष भने भौतिक उपस्थितिमा नै परीक्षा सञ्चालन गर्न लागेको हो । कोरोना महामारीको कारण दुई वर्ष अन्तारिक मूल्याङ्कन आधारमा नतिजा प्रकाशित हुँदा ग्रेड वृद्धिका लागि परीक्षा दिन नपाएका विद्यार्थीहरुले यो वर्ष दिईरहेका छन् । यस वर्ष ग्रेड वृद्धितर्फ ११ हजार ४ सय ५४ विद्यार्थी परीक्षामा सहभागी हुने परीक्षा केन्द्रले जनाएको छ ।

# विश्व नेपाली साहित्य महासंघ नेपाल शाखा कमिटी चयन

**पवन जायसवाल/मध्यान्ह**
काठमाडौं, ७ वैशाख



विश्व नेपाली साहित्य महासंघ नेपाल शाखाको चौथो राष्ट्रिय अधिवेशन सम्पन्न भएको छ । अधिवेसनले नेपाल शाखाकी निवर्तमान अध्यक्ष कल्पना पौडेल 'जिज्ञासु' कै नेतृत्वमा १८ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको छ ।

समितिको वरिष्ठ उपाध्यक्षमा केशु पोखरेल खनाल, उपाध्यक्षमा सीता विष्ट कार्की, महासचिवमा अम्बिका याम्फु 'अनमोल', सचिवमा कृष्ण के.सी., कोषाध्यक्षमा बसु श्रेष्ठ र सहसचिवमा गंगा आचार्य सापकोटा चयन भएका छन् ।

अधिवेशनले सदस्यहरुमा शुभद्रा घिमिरे, कल्पना चाम्लिङ्ग, दिपा नेपाल,.विमला अधिकारी देवकोटा, रजनी शर्मा, ढुण्डिराज ढकाल, रीता खतिवडा, यमनाथ सुवेदी,.गङ्गाराम ढकाल, लेक प्रसाद प्याकुरेल र मुना सिग्देललाई चयन गरेको छ । अधिवेसनको उद्घाटन गर्दै नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति प्रा.डा. जगमान गुरुङले रोजगारीको सिलसिलामा विदेशमा रहेका नेपाली साहित्यकारहरुले आफ्नो सिर्जनाको माध्यमबाट नेपाली भाषा, साहित्य, संस्कृति र कलाको प्रचार गरेर नेपाल र नेपालीलाई विश्व सामु चिनाउन ठुलो योगदान गरेको बताए ।

उनले महासंघ जस्ता साहित्यिक संस्थाहरुले विश्व सामु नेपाली साहित्यलाई चिनाउन महत्वपूर्ण काम गरेको बताए । सबैले आ-आफ्नो क्षेत्रबाट योगदान दिएर नेपाललाई समृद्ध गराउन लाग्नुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा महासंघकी अध्यक्ष जिज्ञासुले तीन दर्जन विभिन्न मुलुकमा शाखा रहेको महासंघको शाखाहरुले आफ्नो सिर्जनाको माध्यमबाट विश्व सामु नेपाली साहित्यलाई चिनाउने काम गरेको बताइन् । उनका अनुसार महासंघले नेपालका सबै प्रदेशमा प्रदेश कमिटी विस्तार गरेको छ । ०७६ साल साउनमा गठन भएको नेपाल शाखाले कोरोना महामारीका बाबजुद १० वटा विभिन्न साहित्यिक कार्यक्रम सम्पन्न गरेको उनले बताइन् ।

कार्यक्रममा महासंघको नेपाल शाखाबाट प्रकाशित साहित्य एक विधा अनेक कृति, लुम्बिनी प्रदेश कमिटीबाट प्रकाशित लुम्बिनी दर्पण र सरिता राई कन्दङ्वाबाट लिखित कथा संग्रह तिउरीको विमोचन गरिएको थियो । कार्यक्रममा प्रा.डा. गोविन्द मान सिंह कार्कीले तिउरी कथा संग्रहको, सीता विष्ट कार्कीले लुम्बिनी दर्पणको समीक्षासमेत गरेका थिए ।

कार्यक्रममा प्रा.डा.गार्गी शर्मा, केशु पोखरेल लगायतका वक्ताहरुले महासंघको प्रगतिको कामना गरेका थिए । अधिवेसन उद्घाटन सत्रमा महासंघ लुम्बिनी प्रदेश कमिटीका सल्लाहकार पूर्ण लाल चुकेले लुम्बिनी प्रदेश कमिटीको गतिविधि बारे जानकारी गराएका थिए ।

यस्तै, केन्द्रीय सदस्य ढुण्डीराज ढकालले स्वागत गीत गाएका थिए । अवसरमा महासंघ नेपाल शाखाका पूर्व अध्यक्ष तथा सल्लाहकार मणिराज सिंहलाई सम्मान गरिएको थियो । महासंघको अधिवेसनका लागि प्रतिमा शर्माको संयोजकत्वमा मणिराम सिंह र ऋषिराम सापकोटा सदस्य रहेको निर्वाचन मण्डल गठन गरेको थियो । कार्यक्रममा करिब ५० जना साहित्यकारहरुको सहभागिता रहेको थियो ।

# निर्वाचन अधिकृतको कार्यालय स्थापना

**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, ८ वैशाख

कपिलवस्तुको कृष्णनगरमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । वैशाख ३० गते हुने स्थानीय तह निर्वाचन लागि निर्वाचन आयोगले सबै स्थानीय तहमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेको हो । कृष्णनगरको मुख्य निर्वाचन अधिकृत सुमन पाण्डेले वैशाख ३० गते हुने निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन् ।



निर्वाचन अधिकृतको कार्यालय स्थापना कार्यक्रममा कृष्णनगर नगरपालिका नगर प्रमुख रजत प्रताप शाह, कृष्णनगर नगरपालिका प्रमुख प्रशासकीय अधिकृत राम चन्द्र ढकाल, विभिन्न पार्टीका प्रतिनिधि, पत्रकार, सुरक्षाकर्मी लगायतको सहभागिता रहेको थियो । निर्वाचन अधिकृत सुमन पाण्डेले निर्वाचन आचारसंहिताका विषयमा विषयमा जानकारी गराएका थिए ।

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ८ वैशाख

स्थानीय तह निर्वाचनका लागि रौतहटको राजपुर नगरपालिकामा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ ।

रौतहटको राजपुर नगरपालिका अन्तर्गत संचालित प्राथमिक स्वास्थ्य केन्द्रमा निर्वाचन अधिकृतको कार्यालयको स्थापना भएको छ ।

निर्वाचन अधिकृत सुनिल निरौलाले कार्यालय स्थापना गरी निर्वाचन सम्बन्धी कामकाज अगाडि बढाइएको मध्यान्हलाई जानकारी दिए ।



राजपुर नगरपालिकामा जम्मा ९ वटा वडा रहेको छ । उद्घाटन कार्यक्रममा राजपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बैजु ठाकुर लेखा अधिकृत मनोज राज कर्ण र स्वास्थ्य शाखको डाक्टर, प्रमुख मोहम्मद खुर्सिद र स्थानीय उपस्थिति रहेका थिए ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads,
Road Division, Pyuthan

**Notice of Intention to Award Contract**

**Date of Publication : 2079/01/09**

Government of Nepal, Ministry of Physical Infrastructure & Transport, Department of Roads, Road Division, Pyuthan hereby notifies and intends to award the following contract and publish this notice to all concerned bidders regarding our Bid *Notice No RDPTN/078/079-04* (published on Himalayan Times Dainik dated 2078-12-08) in accordance with ITB Clause 39 and Public Procurement Act 2063 Clause 27.2, 27.3 and for the purpose of clause 47 of PPA, 2063.

| S.N. | Contract No. & Project Name | Name and Address of Bidder | Total Bid Amount excluding VAT & PS. (NRs) |
|---|---|---|---|
| 1 | **RDPTN/33701169/078/79-13**, Road Upgrading works along Chapka Dekhi-Rangsi Bhawang Liwang Jodne Sadak in Rolpa District. | M/S Puskar Nirman Sewa.Talabang-03, Rolpa | 63,11,764.00 |
| 2 | **RDPTN/33701169/078/79-14**, Road Upgrading works along Madichaur-Kureli-Chunnbang in Rolpa District. | M/S JRS Engineering Solution and Construction Pvt.Ltd.. Liwang-02,Rolpa | 72,03,000.00 |
| 3 | **RDPTN/33701169/078/79-15** Road Upgrading works along Sulichaura- Kavara-mangha-Kwaligau sadak in Rolpa District. | M/S Swargadwari Mahaprabhu Builders Pvt.Ltd. Swargadwari-3,Pyuthan. | 67,00,960.00 |
| 4 | **RDPTN/337310113/078/79-16** Road Specific Maintenance Works along Gahana- Chakchake-Liwang Madichaur Rolpa Road in Pyuthan & Rolpa District. | M/S Ti.E.Bhu. Nirman Sewa.Mijhing-05,Rolpa | 84,18,042.74 |

**Division Chief**

### खरिद कार्य रोक्ने परिपत्र कार्यान्वयन नगर्न आदेश

**काठमाडौं/मस–** सर्वोच्च अदालतले उपभोक्ता समितिमार्फत गरिने खरिद कार्य रोक्का गर्ने भन्ने शहरी विकास मन्त्रालयको परिपत्र कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको छ । न्यायाधीश प्रकाशमानसिंह राउतको एकल इजलासले यही वैशाख ५ गते जारी गरेको अन्तरिम आदेशमा उक्त परिपत्र कार्यान्वयन नगर्न भनिएको छ ।

आदेशमा भनिएको छ,'अन्तरिम आदेशको टुङ्गो नलागेसम्म नेपाल सरकार, शहरी विकास मन्त्रालय, सिंहदरबारको मिति २०७८/७/१४ च. नं ४८३ तथा शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहलको मिति २०७८/७/१६ च.नं ५६ को उपभोक्ता समितिमार्फत गरिने खरिद कार्य रोक्का गर्ने भन्ने पत्र परिपत्र कार्यान्वयन नगर्नु ।'

उपभोक्ता समितिबाट हुने काममा विकृति आएको उल्लेख गर्दै मन्त्रालयले यस्तो कार्य रोक्न परिपत्र गरेको थियो । मन्त्रालयको उक्त निर्णयले विकासका काममा असर परेको दावीसहित जीतबहादुर श्रेष्ठले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए । अदालतले दुवै पक्षलाई छलफलका लागि यही वैशाख १२ गते बोलाएको छ । अदालतले उपभोक्ता समितिमार्फत गरिने खरिद कार्य रोक्नुपर्ने कारणसहित १५ दिनभित्र महान्यायाधिवक्ता कार्यालयमार्फत लिखित जवाफसमेत गरेको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मितिः २०७९/०१/०९**

यस कार्यालयमा मिति २०७५/०९/१८ मा दर्ता भएको **प्रा.लि.नं. २०५८४३** को **त्रिवेनी घुम्ती राइस मिल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०१/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मालपोत कार्यालय उदयपुर गाईघाटबाट नामसारी सम्बन्धमा प्रकाशित भएको हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना**

जिल्ला खोटाङ राजापानी-६ भै हाल जिल्ला उदयपुर वि.न.पा. २ बस्ने मानध्वजको नाति अकल सिं कार्कीको छोरा मेरा पति वंश बहादुर कार्की मिति २०६५।१२।१० देखि बेपत्ता भएको, निजका बारेमा स्वभाविक रुपमै जानकारी राख्ने पाउने म पत्नी समेतलाई कुनै चिठी पत्र टेलिफोन खबर समेत नगरी पति उक्त मिति २०६५।१२।१० देखि बेपत्ता भएको हुँदा बेपत्ते पति नाम दर्ताको जि.उ.( जोगिदह वडा नं. ९ख कि. नं. ३३९ को ०-९-० जग्गा मेरा नाममा नामसारी गरी पाउँ भनी निवेदिका पदम माया कार्कीले माग निवेदन गरेको हुँदा ज.ध. वंश बहादुर कार्की मिति २०६५।१२।१० गतेदेखि बेपत्ता भएको हुन वा होइनन् ? यी निवेदिका बाहेक अन्य कसैको उक्त जग्गामा हक लाग्ने भए वा निवेदिकाको माग बमोजिम हुनु नपर्ने भए यो सूचना प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक ३५ (पैंतिस) दिनभित्र सबुद प्रमाण सहित यस कार्यालयमा हकदावी उजुरी गर्न आउनुहोला । अन्यथा प्रचलित कानून बमोजिम नामसारी भै जाने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।
ईति सम्वत २०७९ साल वैशाख ६ गते रोज ३ शुभम् -----

**ललितपुर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
पुल्चोक, ललितपुर
बागमती प्रदेश, नेपाल
खरिद इकाई

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०१/०९**

यस ललितपुर महानगरपालिका कार्यालयमा रितपूर्वक पेश हुन आएको तपसिल बमोजिमको वोलपत्र मुल्याँकन समितिको सिफारिस अनुसार सारभूत रुपमा प्रभावग्राही देखिएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं | सूचना नं. | सामानको बिबरण | बोलपत्रदाता कम्पनीको नाम ठेगाना | भ्याट बाहेकको कबोल अंक रु. |
|---|---|---|---|---|
| १ | ०१-१७/०७८/०७९ | Tipper Truck | Sipradi Trading Pvt.Ltd, Kathmandu | रु.८६, १९,४६९।०३ |
| २ | ०२-१७/०७८/०७९ | Refuse Compactor | National Fire safe Pvt.Ltd,, Balkot, Bhaktapur | रु.१२,१०८,०००।०० |
| ३ | ०३-१७/०७८/०७९ | Suction Cum Jetting Machine | National Fire safe Pvt.Ltd,, Balkot, Bhaktapur | रु.६९ ,०० ,०००।०० |

**मालिकार्जुन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्राबिधिक प्रस्ताव स्वीकृत एवं आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मितिः२०७९/०१/०९**

मालिकार्जुन गाउँपालिकाले आ.व.-२०७८/०७९ मा नेपाल सरकारको संघीय बिशेष र संघीय समपुरक अनुदान मार्फत प्राप्त रकमबाट मिति-२०७८/११/१ मा MRM/NCB/S/5-2078/079, Saraswati Ma.Vi. Selichama School Building Construction र मिति-२०७८/११/१० मा MRM/NCB/M/6-2078/079, Construction Of Administrative Building Of Malikarjun Rural Municipality को राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम पेश भएका बोलपत्रहरुको प्राविधिक मुल्यांकन गर्दा देहाय बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र प्राविधिक प्रस्तावमा सफल भएको र सो सम्बन्धी आर्थिक प्रस्ताव मिति २०७९/१/१६ गते १४:०० बजे यस कार्यालयमा खोलिने भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| S.N. | Contract ID No. | Name Of Sucessful Bidders | Remarks |
|---|---|---|---|
| 1 | MRM/ NCB/S/5-2078/079 | SWAR CONSTRUCTION | Qualified |
| | | NARSINGH NIRMAN SEWA | |
| | | RUDRAWATI-NAMASKAR JV | |
| | | L.B. & A.B. BUILDERS | |
| | | YR CONSTRUCTION | |
| | | SANIDEV-BALICHANDRA JV. | |
| 2 | MRM/ NCB/M/6-2078/079 | DHULIKHEL-L.B. & A.B. JV | Qualified |
| | | DRAGON CONSTRUCTION | |
| | | K.S-TEJ-MANILEK JV | |
| | | ROYAL CONSTRUCTION | |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
९ वैशाख २०७९, शुक्रबार
22 April 2022, Friday

## सम्पादकीय

# ‘भोलि’ बिर्सिएको बोली

प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सत्ता गठबन्धनका दलहरूप्रति चर्को आलोचना गरेका छन् । एमाले केन्द्रीय सल्लाहकार परिषद्को प्रथम बैठकमा अध्यक्ष ओलीले सरकारको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेस र सत्ता साझेदार दलहरूप्रति चर्को आक्रोश पोखेका हुन् । त्यसक्रममा ओलीले कांग्रेस सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवालाई अपाच्य शब्द नै प्रयोग गरे । त्यही शैलीमा सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई अपशब्द प्रयोग गरेका थिए । राजनीतिक दलहरूमा नेतृत्वको सिको कार्यकर्ताले गर्ने प्रचलन रहेकाले अब एमालेका कार्यकर्ताहरू सत्ता गठबन्धनका दलहरूविरूद्ध खनिने स्वभाविक अनुमान लगाउन सकिन्छ ।

स्थानीय चुनाव नजिकिएकाले एमालेको जवाफमा सत्ता साझेदार दलका प्रमुख र तिनका कार्यकर्ता उत्रन सक्छन् । किनभने यसअघि पनि त्यस्तै प्रचलन देखिदै आएको छ । यदि अपाच्य शब्दहरूको दोहोरी चल्दै गए त्यसको निष्कर्ष असामान्य अवस्थामा पुग्ने खतरा हुन्छ । किनकि यसअघि यस्तै आरोपका उतारचढाबका क्रममा अप्रिय घटना समेत भएका छन् । त्यस्ता घटना लोकतान्त्रिक प्रणालीका लागि पाच्य हुन्न । चुनावमा दलहरूबीच प्रतिश्पर्धा हुन्छ । तर प्रतिश्पर्धा एउटा विधि र सीमाभित्र रहेर हुनुपर्छ । फरक दललाई गम्भीर, तर पुष्टि नहुने आरोप लगाएर जित्ने प्रणालीले लोकतन्त्रलाई बलियो बनाउँदैन । लोकतन्त्र थप कमजोर भएर जाने भय हुन्छ । दलहरूप्रति आमनागरिकमा बितृष्णा जाग्न सक्छ ।

हाम्रो राजनीतिक पृष्ठभूमि हेर्दा पनि दलहरूबीचको सम्बन्धमा सधैं उतारचढाब हुने गरेको छ । कुनै समय एमाले र माओवादी केन्द्रका नेताहरूबीच तिक्ततापूर्ण सम्बन्ध थियो । सशस्त्र विद्रोहकालमा एमालेका कयौं कार्यकर्ता माओवादीबाट हत्या समेत भयो । २०७२ को संविधान जारी हुनु केही समय अगाडि मात्रै पनि यी दुई दलबीचको सम्बन्ध राम्रो थिएन । तर २०७४ को चुनावमा यी दलहरूबीच गठबन्धन भयो । पछि पार्टी एकता नै भयो । ओली र प्रचण्डले आफूहरू एउटै जहाजका दुई पाइलट भएको संज्ञा दिए । पछि पार्टी विभाजन भयो । अहिले ओली अपाच्य शब्द प्रयोगमै उत्रिएका छन् । मानौं, फेरि यी नेताहरू कहिल्यै भेट हुनेछैनन् । तर वास्तविकता त्यस्तो हुन्न । कुनै मोडमा तिक्ततापूर्ण सम्बन्ध रहेका दलहरू नजिकिन सक्छन् । त्यो बेलाबारे समेत ध्यानमा राखेर सार्वजनिक अभिव्यक्ति दिन जरूरी छ । अझ चुनावलाई मर्यादित, निर्भय र निष्पक्ष बनाउन त यस्ता आरोप बन्द गर्नु नै उचित हुन्छ । बहुदलीय लोकतन्त्र भनेको अस्वस्थ्य प्रतिश्पर्धाबाट हुने जित मात्रै होइन ।

# नेपाली क्रान्तिको मौलिक बाटो

*आज नेपाली कम्युनिस्ट आन्दोलन टुट, फुट र लुटको चरम सिकार भएर विस्फोटको अवस्थामा पुगेको छ । देशमा हरेक दशकमा ठूला–ठूला परिवर्तनकारी आन्दोलन पनि भएका छन् । तर, तिनबाट प्राप्त उपलब्धिहरू उल्टै जनता र देशलाई निरर्थक र प्रत्युत्पादकजस्तै बन्न पुगेका छन् ।*

अग्रलेख



● नारायण शर्मा

नेपालमा समाजवाद उन्मुख जनवादी क्रान्ति र व्यवस्थाको नयाँ, अग्रगामी र मौलिकरूप खोज्नु जरूरी भएको छ । नेपाली विशिष्टता र मौलिकतामा आधारित भएर मात्र व्यवस्थालाई पूर्ण र सफल बनाउन सकिन्छ । यसरी मात्र राष्ट्र, जनता, क्रान्ति र व्यवस्थाको संरक्षण र सम्बर्द्धन गर्न सकिन्छ । तत्पश्चात् यस्तो नयाँ क्रान्ति र व्यवस्थाको मोडेललाई सर्वहारा अन्तर्राष्ट्रियतावादको भावनासहित अन्तर्राष्ट्रियकरण गरेर आफ्नो राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न सकिन्छ । यस्तो क्रान्ति र व्यवस्था नाम वा रूपमा केही भिन्न भएपनि काम वा सारमा मूलतः यो जनताको राष्ट्रिय जनवादी नै हुन्छ । तथापी, यो चीनको जस्तो तरिकाले क्रान्ति भएर चीनकै जस्तो हुबहु मिल्ने नयाँ जनवाद नभएर यसमा नयाँ जनवादका आधारभूत कुराहरूका अतिरिक्त नेपाली मौलिकता र विशेषतामा आधारित भएर गरिने क्रान्ति हुनाले यसमा एकातिर थप जनवादी अधिकारहरू जनतालाई प्राप्त हुन्छन् भने अर्कातिर राष्ट्रिय स्वाधीनता, स्वाभिमान र सार्वभौमिकताको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिइएको हुन्छ । यस्तो नयाँ स्वरूप खोज्नु पर्ने कारणमा एउटा त नेपालको भिन्न, विशिष्ट र मौलिक स्थिति हो भने अर्को कम्युनिस्ट नेताहरूका भ्रष्ट, दलाल र कायर चिन्तन र चरित्रका कारण पार्टी र आन्दोलनको बदनामी, बेइज्जति, विकृति, विसंगतिका कारण जनतामा बढेको वितृष्णा, विद्रोह र विष्फोट भावना पनि हो ।



सर्वप्रथम नेपाली मौलिकता र विशेषताबारे पहिचान गर्नु र नेपाली विशेषतामा आधारित भएर केही भिन्न र नयाँ तरिकाले क्रान्ति सम्पन्न गरी नयाँ व्यवस्थाको स्थापना गर्नु वान्छनीय मात्र नभै बाध्यता नै हुँदैछ । यहाँनेर क्युबामा फिडेल क्यास्ट्रोहरूले कम्युनिस्ट नेता र पार्टीहरू यहाँजस्तै बदनाम भएपछि कम्युनिष्ट र मार्क्सवादसमेतको नामै नलिइकन कम्युनिस्ट क्रान्ति सम्पन्न गरी केही राम्रा कामहरू गरिसकेपछि मात्र आफूहरू कम्युनिस्ट भएको घोषणा गर्नु भएको घटना स्मरणीय हुन आउँछ । यसले पनि नयाँ र भिन्न प्रकृतिले क्रान्ति गर्ने कुरा सम्बन्धित देशको विशिष्टता र मौलिकतामा आधारित हुँदै मालेमाको आलोकमा गर्ने कुरा जरूरी छ भन्ने स्पष्ट हुन्छ ।

मौलिकता शब्द मूल+इक+ता मिलेर बनेको छ । यसको अर्थ कुनै व्यक्ति, वस्तु वा देश विशेषको आफ्नो पहिचान र महत्वसँग सम्बन्धित विशेष, नयाँ, भिन्न, अद्वितीय कुरा भन्ने हुन्छ । विशिष्टता भन्नाले पनि करिब यस्तै अर्थ हुन्छ । कुनै वस्तु वा व्यक्ति अथवा स्थान कुनै अर्कोभन्दा फरक पार्ने गुण, लक्षण वा कामलाई जनाउने शब्दलाई विशेष भनिन्छ । यही विशेष कुराले नै सम्बन्धित वस्तु, व्यक्ति वा स्थानको पहिचान, मूल्य र महत्व झल्काउँछ । यही विशेष पहिचानलाई विशिष्टता भनिन्छ जो अन्यत्र प्रायः पाइँदैन । यसरी हेर्दा नेपालका त्यस्ता नयाँ, भिन्न र विशेष अर्थ र महत्वका आफ्नै पहिचान र अर्थ झल्काउने मूल कुराहरू अर्थात् मौलिकता र विशिष्टताहरू के हुन् त भन्ने बुझ्नु जरूरी हुन्छ ।

नेपाल सदा स्वतन्त्र राष्ट्र भएर पनि सन् १८७२ को सुगौली सन्धिदेखि नवउपनिवेश बन्ने क्रममा तीव्रता र पूर्णताको दिशामा गइ आज देश साम्राज्यवादी-विस्तारवादीहरूको नवउपनिवेस बनिसकेको छ । वर्णाश्रम व्यवस्थाको व्याख्या, बुझाइ र व्यवहारले समाजमा वैमनस्य, विद्रोह र विभाजन ल्याएको, भूराजनीतिक संवेदनशीलता भएको, भूपरिवेष्ठित अवस्था र खुला सिमाना आदिका कारण अन्य अतिक्रमणका साथै जनसांख्यिक अतिक्रमणसमेत भैरहेको, दुई ठूला छिमेकी शक्तिराष्ट्रको मात्र होइन, यो देश विश्व साम्राज्यवादका मुख्य नाइकेहरू अमेरिका, युरोपलगायतका महाशक्ति राष्ट्रहरूको रणनीतिक र सामरिक चिन्ता, चासो र चलखेलको केन्द्र बनिरहेको अवस्था छ ।

> *नेपाली मौलिकता र विशेषताबारे पहिचान गर्नु र नेपाली विशेषतामा आधारित भएर केही भिन्न र नयाँ तरिकाले क्रान्ति सम्पन्न गरी नयाँ व्यवस्थाको स्थापना गर्नु वान्छ्नीय मात्र नभै बाध्यता हुँदैछ । अहिले कम्युनिष्ट नेता र आन्दोलन चरम बदनाम भएको अवस्था छ । क्युबामा फिडेल क्यास्ट्रोहरूले कम्युनिष्ट र मार्म्सवादसमेतको नामै नलिइकन कम्युनिस्ट क्रान्ति सम्पन्न गरी केही राम्रा कामहरू गरिसकेपछि मात्र आफूहरू कम्युनिस्ट भएको घोषणा गर्नु भएको घटना-प्रकृया स्मरणीय हुन आउँछ ।*

देश बहुजातीय र नस्लीय, भाषिक, धार्मिक र सांस्कृतिक अवस्था भएर पनि एउटा हाबी भएकोले फुटाउ र शासन गर भन्ने साम्राज्यवादी नीति लागु भैरहेको देखिन्छ । पूर्वीय ज्ञान-दर्शन र शास्त्रहरूको उद्गमभूमि, तपोभूमि र यज्ञभूमि रहिआएको अवस्था र प्राचीनतम् पूर्वीय सभ्यता र संस्कृतिको उद्गमस्थल रहेको अवस्था, कृषिप्रधान देश भएर पनि कृषि उपजमा समेत परनिर्भर भएको, किसानबहुल समाज भएर पनि खेती किसानी गर्ने युवा शक्ति वैदेशिक रोजगारीमा गएको र रेमिटेन्सले अर्थतन्त्र धानेको, पढे लेखेका युवाहरूमा मात्र होइन जिम्मेवार प्रौढहरूमा समेत पश्चिमा देशहरूप्रति मोहनी लागेको, देशमा बस्ने युवा, प्रौढ र बृद्धबृद्धा सबै जसोमा, तिनमा पनि निष्ठा, नैतिकता र विचार-सिद्धान्तको राजनीति गरेकाहरू सबैजसो पार्टी र क्षेत्रमा उपेक्षा र उत्पीडनमा परेको तर, खाओ-कमाओवाद र गुट-लुटवादको हालीमुहाली र हुकुम-हैकम हावी रहेकोले देश, राजनीति र नेताप्रति आम अविश्वास र वितृष्णा भएको देखिन्छ ।

अहिले दलालीकरण, उदारीकरण, औपनिवेशीकरण र भ्रष्टीकरणले देशको अस्तित्व नै संकटग्रस्त बनेको र आर्थिकरूपले समेत देश टाट नै पल्टिने अवस्थामा पुगेको अवस्था छ । कथित कम्युनिस्टहरू दुई तिहाई शक्तिसहित सरकारमा जाँदा पनि देशलाई स्थिरता, सुशासन, शान्ति, सुरक्षा, समानता, स्वतन्त्रता, स्वाधीनता, स्वविवेक र स्वनिर्भरताको क्षेत्रमा सकारात्मक भन्दा नकारात्मक कामहरू गरेनन् । कम्युनिस्ट पार्टी र आन्दोलन गुट, फुट र लुटको सिकार भएर जनता-कार्यकर्तामा बढेको अकर्मण्यता, निराशा, पलायन, वितृष्णा र विद्रोहका प्रवृत्तिहरू बढेर विष्फोटको वातावरण बनेको, हरेक दशक जसोमा देशको अवस्था विष्फोटक बन्ने र त्यो शान्तिपूर्ण र संयुक्त जनआन्दोलन र सशस्त्र क्रान्तिकारी जनविद्रोहका भुल्का र झिल्काहरू देखापर्ने गरेका छन् । तर, तिनबाट प्राप्त उपलब्धिहरू उल्टै जनता र देशलाई निरर्थक र प्रत्युत्पादकजस्तै भएका समेत छन् । परिणामस्वरूप आज देश इतिहासमा कहिल्यै नपरेको आर्थिक संकटमा परेर टाट पल्टेको घोषणा गर्न मात्र बाँकी छ ।


यी विविध कुराहरू नै नेपालका मौलिकता र विशिष्टता हुन् । त्यसैले यिनलाई हेरेर नै नेपाली क्रान्तिको नयाँ बाटो र नेपाली व्यवस्थाको नयाँ मोडेल अर्थात् समाजवाद उन्मुख नेपाली जनवादी व्यवस्थाको नयाँ र मौलिक रूपरेखा कोर्नु पर्छ । यसपछि मात्र नेपालमा समाजवाद उन्मुख राष्ट्रिय जनवादी क्रान्ति कसरी हुन्छ र क्रान्तिपछिको कस्तो व्यवस्थाले के-कस्ता काम गर्छ भन्ने कुरा छर्लङ्ग हुन्छ । त्यसैले यसैअनुसार गर्नु नयाँ सोंच, शक्ति र शैलीअनुसार नयाँ क्रान्ति गरेर अघि बढ्नु नै नितान्तः वैज्ञानिक, वस्तुवादी र सही हुन्छ भन्ने देखिन्छ । यसो भएमा मात्र एकातिर नयाँ विचार, नयाँ पार्टी, नयाँ बाटो र नयाँ व्यवस्थाको विकास हुने र यसप्रति जनआकर्षण र विश्वास बढ्ने गर्छ । त्यससँगै क्रान्ति पनि नयाँ शिराबाट थालनी भै विकास, विस्तार र विजयसम्म पुग्ने कुरा सुनिश्चित हुन्छ !

## सामाजिक सञ्जाल




**- डम्मर खतिवडा**

एमालेलाई घेराबन्दी गरियो रे ! एमाले भन्ने पार्टी बाँकी छ र ? यो एमाले-त्यो मनमोहन-मदन, आश्रित-प्रश्रित, सीपी-आरके बेलाको एमाले हो र ? यो त नेकपा (नेकपा) भन्ने पार्टीको ३ मध्ये एक गुट, ओली गुट न हो । राजनीतिक हैन, कानुनी एमाले मात्रै हो । सर्वोच्चले ब्यूँताई दिएको, के घेराबन्दी गर्नु ?



**- अनमोल विश्वकर्मा**

आज राजतन्त्र र राजा फर्काउँछौं भन्दा तिमीहरूलाई जेल जानु परेको छैन, शहिद हुनु परेको छैन, टाउकोको मुल्य तोकिएको छैन, आतंककारी घोषित हुनुपरेको छैन । खुलमखुल्ला दिउसै भाषण गर्दै आर्यघाटमा जलाइसकेको सामन्ती राजतन्त्र ल्याउँछु भन्न पाएका छौ । तर तिम्रो राजतन्त्रमा !




**- डा. सुन्दर पोखरेल**

एमाले र कांग्रेसले बाटो बिराए देशले दुःख पाउँछ । कांग्रेस र एमालेका नेताहरूले आफ्नो पार्टी सिध्याएर अरूलाई भोट देऊ भन्छन् भने गलत हो । एमाले र कांग्रेसका कार्यकर्ता र समर्थक जो-जो छन्, उनीहरू जनता हुन्, रैती होइनन् । कांग्रेस र एमालेका कार्यकर्ता रैती बन्लान् त ?



**- बिमल आचार्य**

फोहोरको फोटो खिचेर हाल्न गाह्रो छैन । नेता बन्न चाहनेले 'फोहोर उठाऊ, अनि मात्र उठ्छु' भनेर तालुकवाला अड्डाबाहिर लगातार अड्डी कस्न सक्नुपर्छ । मिडिया-सोसल मिडियामा टुच्चटुच्च दिएर वा विज्ञप्ति होइन, आफैं उपस्थित भएर दबाब दिइरहनु पर्‍यो । अनि पत्याइन्छ । पहिला प्रेसर ग्रुप अनि पार्टी ।



**- सविता धिमाल**

प्रीय स्थानीय जनप्रतिनिधि ज्यूहरू घोषणापत्रसँगै पोहोर गरिएका कामको समीक्षा पनि साथमै लिएर आउनु होला । हजुरहरूको घोषणापत्र होइन स्थानीय तहमा गरेका कामको आधारमा भोट दिने हो सबै खानदान गरेर १५/१६ भोटरहरू छन् । अब आफै विचार गर्नुस् एक भोटको नि उतिकै महत्व हुन्छ ।

# पार्टी परित्यागको संस्कार

टिप्पणी



● रामसिंह श्रीस

नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)ले वि.सं. २०७८ साल चैत्र २१ गतेका दिन केन्द्रीय सदस्य का. कृष्ण गुरूङ (का.आस्मान) लाई पार्टीको साधारण सदस्य समेतबाट निष्कासन गरेको वक्तव्य जारी गगर्‍यो । त्यसको तीन दिन पछि २३ गतेको मिति राखेर २४ गतेका दिन पि.वि.एम. नगेन्द्र राई, सि.सि.एम निलबहादुर पुन र कुमार बोगटीले संयुक्त वक्तव्यमार्फत पार्टी परित्याग गरेको कुरा सामाजिक सञ्जालमा राख्नुभयो । त्यसको भोली पल्ट २५ गतेका दिन नेकपा (क्रान्तिकारी माओवादी) को स्थायी समितिले नगेन्द्र राई, निलबहादुर पुन र कुमार वोगटीलाई पार्टीको साधारण सदस्यता र सबै जिम्मेवारीबाट हटाएको कुरा महासचिव किरणको वक्तव्यबाट सार्वजनिक गरियो । उहाँहरूले “नेतृत्वले कुनै विधि विधान र पद्धतिको अबलम्बन नगरी कार्यकर्तामाथि सामन्तवादी शैलीले कारबाहीको डण्डा वर्षाएको” आरोप लगाउनु भएको छ । कतिपय साथीहरूले त विधान विपरित कारबाही गरेको भन्ने आरोपसमेत लगाएका छन् । यो संक्षिप्त लेखमार्फत यो विषयलाई प्रष्ट पार्न प्रयत्न गरिएको छ ।

हाम्रो पार्टी विधानअनुसार कुनै पनि व्यक्तिले पार्टी सदस्यता प्राप्त गर्दा, “पार्टीको गोपनीयता भंग गर्ने छैन, पार्टीको एकतालाई वचाउनको लागि दृढतापूर्वक उभिने छु” भनेर सपथ खानु पर्छ । पार्टीप्रति इमानदार सदस्यहरूले आफुले खाएको सपथलाई दृढतापूर्वक लागु गर्न प्रयत्नशिल रहन्छन् । केन्द्रीय सदस्यहरूले त त्यसलाई कैयौं उचाइबाट लागु गर्नुपर्ने हुन्छ । तर, कृष्ण गुरूङले केन्द्रीय सदस्य भएर पनि पार्टीको गोपनीयता बचाउने, पार्टी एकतालाई सुदृढ पार्न लाग्ने होइन कि पार्टीलाई फुटाएर अर्को पार्टीमा लैजान कसरत गरेपछि त्यस प्रकारका व्यक्तिलाई पार्टीबाट निष्काशन नगरेर के गर्ने ? बरू त्यस प्रकारको व्यक्तिहरूलाई समयमै पहिचान गरेर अनुशासनको कारबाही गर्न ढिला गर्नु कमजोरी भएको छ ।

